*Received: November 12*
*Revised: January 26*
*Accepted: February 19*


# गीतको पहिचान तथा माधव घिमिरेको 'नेपालै नरहे' गीति कविता
# Identification of song and madhav Ghimire's lyrical poetry "Nepalai Narahe"

देवीप्रसाद आचार्य
नेपाली विभाग, मेची बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

प्रस्तुत लेख कवि तथा गीतकार माधव घिमिरे (१९७६–२०७७)को 'किन्नरकिन्नरी' गीत सङ्ग्रहमा सङ्कलित गीतहरूमध्ये एउटा गीत (गीति कविता) नेपालै नरहेसँग सम्बद्ध छ । यसैले यो लेख नेपालै नरहे गीति कवितामा पाइने राष्ट्रियताको भावनाको अध्ययनसँग सम्बन्धित छ । उक्त गीति कविता मुख्य गरी राष्ट्र र राष्ट्रियताको विषयवस्तुमा आधारित रहेकाले सोही अनुसार यस गीति कवितामा प्रयुक्त पद-पदावलीको व्याख्या र विश्लेषण गर्दै यस गीति कवितामा पाइने गीतकारको राष्ट्रियताप्रति रहेको भावनाको खोजी गरिएको छ । यहाँ गीतमा प्रयुक्त पद तथा पदावलीहरूको विश्लेषण गर्दै भाषापरक अध्ययनलाई अध्ययनको सैद्धान्तिक आधार बनाई गीति कवितामा देशभक्तिको भावना कसरी व्यक्त भएको छ भन्ने आधारबाट अध्ययन गरिएको छ । मुख्य रूपले व्याख्या विश्लेषणात्मक विधिबाट अध्ययन गरिएको यस लेखमा यो कविता राष्ट्रियताको भावनाले ओतप्रोत भएको गीति कविता हो भन्ने निष्कर्ष दिइएको छ ।

**Abstract**

The present article is related to one of the songs (lyric poetry) compiled in the song collection 'Kinnarkinnari' by the poet and lyricist Madhav Ghimire (1976-2077). Therefore, this article is related to the study of the sense of nationalism found in Nepali lyrical poetry. As the lyric poem is mainly based on the theme of nation and nationality, the lyricist's sentiments towards nationality are explored in this lyric poem by interpreting and analyzing the phrases used in this lyric poem. Here, by analyzing the terms and phrases used in the song, linguistic study has been made as the theoretical basis of the study and the study has been done on the basis of how the feeling of patriotism has been expressed in this lyric poetry. In this article, which has been studied mainly through interpretive and analytical method, it has been concluded that this poem is a lyric poem full of nationalism.

*शब्दकुञ्जी* : आत्मनिष्ठता, गेय संरचना, स्वरतालात्मक गेयता, रागात्मक विषयवस्तु, एकालापीय वर्णन
*Keywords:* Selfleshness, lyrical structure, vocal lyricism, melodic theme, monologue description

**विषय परिचय**

साहित्यको सर्वप्राचीन गेयात्मक विधाका रूपमा गीतलाई लिइन्छ । नेपालीमा प्राचीन कालदेखि नै लोकप्रिय मनोरञ्जनात्मक साहित्यका रूपमा गीतको रचना र गायनको प्रचलन भए पनि साहित्यिक रचनाका रूपमा यसको गहन अध्ययन तथा विश्लेषण भएको पाइँदैन । गरिएका कतिपय अध्ययनमा पुराना र नयाँ स्वरूपका गीतहरूलाई एउटै मापदण्डमा राखेर अध्ययन विश्लेषण गरेकाले पनि गीत अध्ययनको हाम्रो परम्परा अमिल्दो, अपर्याप्त र अपरिपक्व रहेको छ । पुरानो शैली, परम्परा र ढाँचाबाट नवीन गीतहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन कदापि हुन सक्तैन । गीत अध्ययन र विश्लेषणका खासखास आधारहरू अँगाली अध्ययन गरेमा मात्र तिनमा अन्तर्निहित सौन्दर्यको उद्घाटन सम्भव हुन्छ । यस लेखमा एकातिर गीतको पहिचानका लागि यसको परिभाषा, स्वरूप र विशेषताहरूको चर्चा गरिएको छ भने अर्कातिर राष्ट्रकवि तथा गीतकार माधव घिमिरेको 'नेपालै नरहे' गीति कविताको भाषापरक/वस्तुनिष्ठ अध्ययन र विश्लेषण गरी यसै गीति कविताका आधारमा घिमिरेमा रहेको राष्ट्रप्रेमको भावनालाई निरूपण समेत गरिएको छ । यसका लागि लेखमा व्याख्या विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । गीतको भाषापरक अध्ययन र विश्लेषणलाई अध्ययनको सैद्धान्तिक आधार बनाइएको यस लेखमा 'नेपालै नरहे' गीति कवितामा के कस्तो राष्ट्रियताको भावना पाइन्छ

भन्ने प्रश्न अध्ययनको समस्या हो भने गीत विश्लेषणका सैद्धान्तिक आधारहरूको चर्चा गर्दै 'नेपालै नरहे' गीति कवितामा पाइने राष्ट्रप्रेम र देशभक्तिको भावनाको विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य हो । यस लेखमा पुस्तकालय विधिद्वारा सङ्कलित सामग्रीबाट प्राप्त सूचना र तथ्यको उपयोग गरेर गीतको परिभाषा, स्वरूप र विशेषता सम्बन्धी स्पष्ट सैद्धान्तिक पर्याधार निर्माण गरी सोही सैद्धान्तिक पर्याधारमा राष्ट्रकवि तथा गीतकार माधव घिमिरेको 'नेपालै नरहे' गीति कविताको संरचना कस्तो छ र राष्ट्रियताको भावाभिव्यक्ति कसरी भएको छ भन्ने समस्या (प्राज्ञिक प्रश्न) राखेर समस्यानुकूल विभिन्न उपशीर्षकहरुमा वस्तुनिष्ठ विश्लेषणसहित गीति कविताको संरचना तथा भाव-कथ्य-सन्देशको अध्ययन गरिएको छ । यस अध्ययनबाट गीतकार घिमिरेको 'नेपालै नरहे' विशिष्ट गेयात्मकता सहित देशभक्तिको भावनाले अभिभूत 'गीति कविता हो भन्ने निष्कर्ष निकालिएको छ ।

## गीतको स्वरुप, परिभाषा र विशेषताहरू

**गीतको स्वरुप** : नेपालीमा गीतको परम्परा पुरानो भए पनि साहित्यिक रचनाविधानका दृष्टिले हेर्दा नेपालीमा प्रचलित गीत शब्द अंग्रेजीको **लिरिक** शब्दको रुपान्तरण ठहर्दछ । गेय अभिव्यक्तिको पश्चिमेली रचनाविधान लिरिककै संरचना नेपालीका लिखित गीतहरूको संरचनासंग मेल खाएको देखिन्छ । प्राचीन ग्रीसेलीहरुले **लायर** नामक वाद्ययन्त्रमा गाइने रचनालाई लिरिक भन्ने गरेको पाइन्छ । यस्ता लिरिक वा गीतहरू सामुहिक स्वरमा गाइने **वृन्दगीत** एउटाको स्वरमा गाइने **एकलगीत** तथा नाचमा गाइने **नृत्यगीत** र रचनाकारका निजी भावनाहरू पोखिने **वैयक्तिकगीत** आदि प्रकारका हुन्थे । पछि यिनैमध्ये एकल वैयक्तिक गीतलाई नवीकरण गर्दै जाने क्रममा नयाँ रचनाविधानका रुपमा साहित्यिक गीतको विकास भएको पाइन्छ (शर्मा, २०५५ : १६७) ।

तत्सम शब्द गीतको व्युत्पत्ति गै+क्त= गीत भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ गाना, भजन आदि हुन्छ । गीतलाई पद्यको एउटा प्रकार मानिए पनि पूर्वीय काव्यशास्त्रमा यसको चर्चा गरिएको पाइँदैन । पूर्वमा प्राचीनतम ग्रन्थ **ऋग्वेद**देखि नै पद्यको परम्परा चली आए तापनि गीतको भने त्यति पुरानो परम्परा भएको पाइँदैन । पूर्वमा गीतका परम्पराको प्रारम्भ संस्कृतका चर्चित कवि जयदेवको सुप्रसिद्ध कृति **गीतगोविन्द**देखि थालिएको पाइन्छ । बहिर्मुखी, विषयनिष्ठ र सङ्गीतमय यस परम्परालाई निरन्तरता दिँदै नेपालीमा हीनव्याकरणी विद्यापतिले वि.सं. १८८८ मा गीतगोविन्दको पद्यानुवाद गरी त्यसलाई **गीतवाणी** भनी नामाकरण गरे । **गीतवाणी**कै किनारामा यिनले लेखेका **सात राग र सात नायिका** नामक पद्यहरू पूर्वीय परम्परालाई बोक्ने गीतका प्रारम्भिक नेपाली नमुना हुन् । युगकवि मोतीराम भट्टका पालादेखि नेपालीका लिखित गीतहरूले पुरानो (पूर्वीय) परम्परालाई छाडी अन्तर्मुखी, विषयीनिष्ठ र गेय रचनाको रुप लिँदै त्यसबाट आजसम्म नेपाली गीतहरू यही नवीन रचनाविधानमा बाँधिई रचिएका छन् । यो नवीन रचनाविधान पश्चिममा विकसित लिरिककै परम्परा र प्रभावबाट निर्मित र परिपोषित देखा पर्दछ ।

बहुकालिक वा ऐतिहासिक दृष्टिबाट हेर्दा सङ्गीतमयता वा गेयता गीतको प्रमुख पहिचान देखा पर्दछ । सङ्कालिक वा वर्तमानकालिक दृष्टिले चाहिँ गीतका सर्वप्रमुख दुई तत्व (i) **आत्मनिष्ठ अन्तर्मुखी अभिव्यक्ति** र (ii) **सङ्गीतात्मकता** देखा पर्दछन् । नेपालीमा वर्तमानमा प्रचलित गीतहरू बहुकालिक नभएर सङ्कालिक अर्थ धान्ने रचना हुन् । यसैकारण सङ्कालिक गीतहरू सङ्गीतमय (वाद्ययन्त्रमा गाउनका लागि रचिएका) नभएर सङ्गीतात्मक (शब्द एवं भावबाट उत्पन्न आफ्नै आन्तरिक लयको सङ्गीतमा बाँधिएका) हुन्छन् । नवीन रचनाविधानका रुपमा यही आत्मनिष्ठ अन्तर्मुखी अभिव्यक्ति र सङ्गीतात्मकताले गर्दा नै परिवर्तित सङ्कालिक वा वर्तमानकालिक गीतहरू छरिता, सरल, सहज, सरस, हार्दिक, फुक्का, चुल्लिएका, ताजा, नौला, आडम्बर कम भएका, यथार्थपरक, मन छुने खालका, आल्हादक, तेजिला, झरिला र आकर्षक पनि हुन्छन् । यस रुपमा गीत **आन्तरिक लयमा आत्मनिष्ठ अनुभूति अभिव्यक्त गर्ने गेय विधा बनेको छ** (शर्मा, २०५५:१६९) ।

**गीतको परिभाषा** : गीत साहित्यिक विधा कविताको एउटा भेद हो । कविताकै झैं यो पनि गत्यात्मक रचना भएकाले यसको स्वरुपमा परिवर्तन आउने बित्तिकै यसको परिभाषा पनि फरक बन्न सक्छ । त्यसैले एउटै परिभाषामा सबैखाले गीत परिभाषित नहुन पनि सक्छन् । जे होस् कविताको सङ्गीतात्मक भेद भएअनुसार साहित्यका नाटक, निबन्ध, आख्यान आदि भेदभन्दा गीतको परिभाषा अलिक सजिलो र स्थायी खालको हुनु स्वभाविक हो । विभिन्न विद्वान् र समालोचकहरूका गीतसम्बन्धी परिभाषालाई एकत्रित गरेर गीतको परिभाषा यसरी गर्न सकिन्छ- **गीत पद्यमा रचना गरिएको त्यस्तो छोटो र आख्यानरहित गेय संरचना हो जसमा कुनै भाव वा विचारका मानसिक अवस्था अथवा प्रक्रियाको तीव्र अभिव्यक्ति हुन्छ ।** गीत

सम्बन्धी यस्तो परिभाषा गरिरहँदा गीतका लयबद्ध पद्य, संक्षिप्तता र आख्यानरहितता, गेयता र सङ्गीतात्मकता, एकल भाव तथा एकान्विति, संरचना र सङ्गठनात्मक अङ्ग तथा अभिव्यक्ति गीतका आवश्यक अङ्ग हुन् भन्ने बुझिन्छ ।

**गीतका विशेषताहरू** : गीत कविताकै एउटा भेद भए पनि सङ्गीतात्मकता यसको वैशिष्ट्य भएकाले यसका कतिपय सामान्य र कतिपय आफ्नै विशेषताहरू छन् । गीतका प्रमुख विशेषताहरू निम्नप्रकार देखा पर्दछन् :

**सरलता, सहजता र सरसता** :- पद्यात्मक अभिव्यक्तिको एउटा रुप भइकन पनि सरल, सहज र सरस हुनु गीतको ठूलो विशेषता हो । कविताका फुटकर कविता, खण्डकाव्य, महाकाव्यका तुलनामा यो कता हो कता सरल र सहज हुन्छ । छोटो, लामो जे जस्तो संरचना भए पनि गीतमा भरपुर सरसता भरिएकै हुन्छ । यिनै गुणले गर्दा गीतले जो कोहीलाई पनि सजिलै आकर्षित गर्न सक्तछ ।

**असीमता** :- गीतमा विषयको कुनै सीमा नहुने हुँदा असीमित विषयमा गीतको रचना हुन्छ । गीतमा प्रयुक्त विषयको असीमिततासँगै यसको विविधता पनि असीमित हुनु स्वभाविकै ठहर्दछ । वैयक्तिकताको साँघुरो घेरादेखि सम्पूर्ण जीवनजगतको विराटतालाई गीतले आफ्नो विषयवस्तुमा समेट्न सक्दछ । जीवनजगतका बाह्यान्तरिक जुनसुकै विषय पनि समेट्न सक्नु गीतको एउटा महत्वपूर्ण विशेषता हो ।

**एकलता** :- गीतमा भाव र विचारको एकलता हुने हुँदा यो एकोन्मुख हुन्छ । गीत एकोन्मुख भएबाट नै यसको एकोन्मुखताले गीतलाई तीव्र आवेगयुक्त बनाउँछ । सरलता, संक्षिप्तता र सुसम्बद्धताले गीतको आवेग प्रवर्धनमा महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । यही आवेगको तीव्रता र प्रवलताका लागि गीतमा एकल भाव वा विचारको अभिव्यक्ति हुनु वाञ्छनीय छ । सरल र कोमल विधा भएकाले गीतले विस्तार र भावको बोझिलोपन थेग्न सक्दैन ।

**आत्मनिष्ठता** :- गीत आत्मनिष्ठ रचना भएकाले यसको रचना गर्दा गीतकार आफैंभित्र निमग्न रहन्छ । अन्तरङ्गमा आल्हादित हुँदै आफ्नो आन्तरिक भाव, विचार वा अनुभूतिलाई घोलेर गीतकारले गीतको विषयवस्तु प्राप्त गर्दछ । आत्मनिष्ठता महत्वपूर्ण विशेषता भएको हुनाले नै गीतलाई आत्मनिष्ठ अन्तर्मुखी अभिव्यक्ति भनिएको हो ।

**वैयक्तिकता** :- वैयक्तिकता भन्ने बित्तिकै वैयक्तिकताको साँघुरो घेरालाई मात्र सम्झनु हुँदैन बरु उत्कृष्ट गीतले वैयक्तिकताको मर्मलाई छुँदै सम्पूर्ण मानवीयताको क्षितिजलाई  समेत उघार्ने सामर्थ्य राखेको हुन्छ ।

**सम्बोधन** :- सम्पूर्ण गीत एक प्रकारको सम्बोधन नै हो । प्रत्यक्ष वा परोक्षरुपमा गीतले आफू वा अरु, सजीव वा निर्जीव कसै न कसैलाई सम्बोधन गरेरै प्रस्तुत भएको हुन्छ ।

**अभिव्यक्तिगत निश्छलता** :- गुणात्मक र निश्छल अनुभूतिको अभिव्यक्ति गीतमा हुन्छ । इमान्दार, निश्छल, निष्कपट र गुणात्मक अभिव्यक्तिले मात्रै गीतलाई उत्कृष्ट बनाउँछ । राम्रो गीत भनेको भाषा, भाव र सङ्गीतात्मकताको त्रिवेणी हो । एकान्विति, भाषाशैलीको उचित व्यवस्थापन र निश्छलताले गीतको सौन्दर्य र सफलताको अभिवृद्धि गरेको हुन्छ ।

**गेयात्मकता** :- गीतको संरचना सङ्गीतात्मक हुनाले गेयात्मकता यसको प्रमुख विशेषता हो । गीतमा गेयता सङ्गीतमय हुँदा स्वरको आरोहावरोहको प्रधानता हुन्छ । गेयता सङ्गीतात्मक हुँदा चाहिँ ध्वनि, शब्द र भावका साथ लयको प्रधानता हुन्छ । उपर्युल्लिखित खासखास पहिचानले गर्दा नै गीतलाई अन्य रचनाबाट अलग्गै छुट्याएर हेर्न सकिन्छ ।

## विश्लेषण

माधव घिमिरे आधुनिक नेपाली सहित्यमा परिष्कारवादी शैलीशिल्पका साथ स्वच्छन्दतावादी भावधाराका सुन्दर कविता लेख्ने एक सुप्रशिद्ध र शिद्धहस्त कवि हुन् । नेपाली साहित्यमा संयम, सन्तुलन, मितव्ययिता र परिष्कृतिप्रति सचेत रही अकृत्रिम सौन्दर्यविधान गर्ने कविता कलाको लामो उपासना घिमिरेले गरेका छन् (त्रिपाठी, २०४५:१२३ ) । उनको जन्म वि.सं. १९७६ असोज ७ गते मंगलवार लमजुङ जिल्लाको पुस्तुन भन्ने गाउँमा भएको हो । सर्वदर्शनमा शास्त्री गरेका घिमिरे कवि, गीतकार र गीति नाट्यकार पनि हुन् । बाल कविताका क्षेत्रमा पनि उनको योगदान उत्कृष्ट रहेको छ । गोरखापत्रमा वि.सं. १९९२ मा **ज्ञानपुष्प** कविता प्रकाशित भई थालिएको उनको औपचारिक कविता यात्रा आधा शताब्दीभन्दा बढी नै क्रियाशील रहेको पाइन्छ (त्रिपाठी,न्यौपाने र सुवेदी, २०४५:११४) । छन्दमै कविता सुरु गरी जीवनभर छन्दमै कविता साधना गर्ने कवि घिमिरेको कवित्वले सुरुमा परिष्कारवादी कविता पस्किए पनि वि.सं. १९९९ को **स्वदेशीगीत** शीर्षकको लोकलयात्मक कवितादेखि क्रमशः स्वच्छन्दतावादतर्फ झुक्दै अगाडि बढेको पाइन्छ । वस्तुतः परिष्कारवादी शैली शिल्पका साथ स्वच्छन्दतावादी भावधाराका कविता लेखन नै घिमिरेका कवित्वको वैशिष्ट्य हो ।

उनका **नवमञ्जरी**(१९९४), कविता संग्रह, **घामपानी** (२०१०) र **बाला लहरी** (२०२६) बाल कविता संग्रह, **नयाँ नेपाल** ( २०१३) गीति कविता संग्रह, **गौरी** (२०१५), **राजेश्वरी** (२०१७), **पापिनी आमा** (२०१७), **राष्ट्रनिर्माता** (२०३०) र **धर्तीमाता** (२०३०) खण्डकाव्य, **किन्नर किन्नरी** (२०३३) गीत संग्रह, **शकुन्तला** (२०३८) र **मालती मङ्गले** (२०३८) गीति नाटक प्रकाशित छन् । घिमिरेको देहान्त वि.सं. २०७७ साल भदौ २ गते मंगलवारका दिन भएको हो ।

'नेपालै नरहे' घिमिरेको **किन्नरकिन्नरी** गीत संग्रह (२०३३) मा संकलित गीति कविता हो र यहाँ यसै गीति कविताका आधारमा घिमिरेमा रहेको राष्ट्रप्रेमको भावनालाई निरुपण गरिएको छ । यस क्रममा भाषावादी र वस्तुनिष्ठ अध्ययन र विश्लेषणको पद्धतिलाई अध्ययनको मूल आधार बनाई प्रस्तुत गीति कविताको विश्लेषण गरिएको छ ।

**'नेपालै नरहे' गीति कविताको संरचना**

कविता सिर्जनात्मक लेखनको आदर्श रुप हो । साहित्यका प्रमुख चार विधामध्ये कविता पद्यलयात्मक हुन्छ भने कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध गद्यलयात्मक हुन्छन् । पद्यलयात्मकताको अर्थ विशिष्ट लयात्मकता हो । सौन्दर्यात्मक दृष्टिले कविता साहित्यको चरम बिन्दु मानिन्छ भने गुणात्मक दृष्टिले उच्चतम बिन्दु मानिन्छ (शर्मा, २०५५:९६) । त्यसैले कविता छन्दपरक होस् या छन्दमूक्त त्यसको पङ्क्तीकरण गद्यभन्दा बेग्लै ढाँचामा गरिन्छ । यही पद्यलयात्मकताका कारण कविता विशिष्ट र सुसम्बद्ध हुन्छ (उही, २०५५:९९) । संरचना वस्तुको बनोट हो । यो नै वस्तुको वृहत् घटक वा अवयव हो । वस्तुको निर्माणतत्व, रचना वा घटकहरुको परस्पर सम्बन्धको समग्रतालाई संरचना भन्दछन् । यो संरचना **प्रगीतात्मक, नाटकीय र आख्यानात्मक** गरी तीन किसिमको हुन्छ । कविवर माधव घिमिरेको 'नेपालै नरहे' प्रगीतात्मक संरचना भएको गीति कविता हो । यस गीति कविताको पहिलो, छैटौं, दशौं र चौधौं हरफमा उही श्लोक-१, हरफ- (१) को पुनरावृत्ति गरी गीतको भावले केन्द्रीय भाव वा विचारको परिक्रमा गरिरहने हुँदा यस गीति कविताको संरचना वर्तुलित वा वृत्तात्मक ढाँचामा निर्मित छ । यस गीति कविताको वृहत् तथा लघु घटकहरूलाई निम्नप्रकारमा देखाई गीति कवितालाई संरचनाका रुपमा सिद्ध गरिएको छ । छोटो आकारको यो गीति कविता निम्नलिखित चौधवटा पङ्तिहरूबाट निर्मित छ :-

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (१)
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे (२)

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको (३)
माटो र पानी पहिलो धन धर्तीका छोराको (४)
ए कहाँबाट हेरौंला संसार सन्झ्यालै नरहे (५)
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (६ )

दसैं र तिहार रमाइला हाम्रा चुट्का र ख्यालीले (७)
हिर्दय हाम्रो जुर्मुराउँछ जितको झ्यालीले (८)
बैंसको तालमा नाचौंला कहाँ मादलै नरहे (९)
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (१०)

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न (११)
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न (१२)
बिम्झौंला कहाँ पूर्वको पैलो उज्यालै नरहे (१३)
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (१४)

**वृहत् घटक** : जम्मा चौधवटा पंक्तिहरूबाट निर्मित उपर्युक्त गीति कविता निम्नलिखित रुपमा एउटा वृहत् घटक हो ।

| | | |
|---|---|---|
| पङ्क्ति | (१) | वृहत् घटक |
| पङ्क्ति | (२) | |
| पङ्क्ति | (३) | |
| पङ्क्ति | (४) | |
| पङ्क्ति | (५) | |
| पङ्क्ति | (६) | |
| पङ्क्ति | (७ ) | |
| पङ्क्ति | (८) | |
| पङ्क्ति | (९) | |
| पङ्क्ति | (१०) | |
| पङ्क्ति | (११) | |
| पङ्क्ति | (१२) | |
| पङ्क्ति | (१३) | |
| पङ्क्ति | (१४) | |

यस गीति कवितामा उपर्युक्त (१-१४) पङ्क्तिहरूले सम्मिलितरुपमा एउटा वृहत् घटकलाई जनाउँछन् । एउटा वृहत् घटकका रुपमा यस गीति कविताको संरचना सूक्ष्म र अमूर्त छ ।

**लघु घटकहरू** : उपर्युक्त एउटा वृहत् घटक अन्तर्गत निम्नलिखित लघु घटकहरू छन् -

श्लोक १ : पङ्क्ति- (१), (२)
श्लोक २ : पङ्क्ति- (३), (४), (५), (६)
श्लोक ३ : पङ्क्ति- (७), (८), (९), (१०)
श्लोक ४ : पङ्क्ति- (११),(१२), (१३), (१४)

यो गीति कविता चार श्लोक र चौध पङ्क्तिहरूमा यस प्रकार विभाजित छ ।

श्लोक १ जम्मा पङ्क्ति २ (१ र २)
श्लोक २ जम्मा पङ्क्ति ४ (३- ६)
श्लोक ३ जम्मा पङ्क्ति ४ (७-१०)
श्लोक ४ जम्मा पङ्क्ति ४ (११-१४)

**यस गीति कवितामा राष्ट्रप्रेमको भावनालाई उद्बोधन गर्ने निम्नलिखित विषयसन्दर्भहरू आएका छन्** :

- श्लोक १ पङ्क्ति (१) : नेपाल नरहे हामी नेपाली नै नरहने भाव पोख्नु,
- श्लोक १ पङ्क्ति (२) : हिमालको उचाइसँगै हाम्रो उचाइ र गरिमालाई जोडेर देखाउनु,
- श्लोक २ पङ्क्ति (३, ४ र ५) : धनधान्यले युक्त तराईलाई सुन, पर्यटकहरूको आकर्षण र जलको खानी हिमाललाई हिराको संज्ञा दिँदै र नेपालमा अवस्थित उर्वर माटो तथा निर्मल र कञ्चन पानीको महत्व दर्साउँदै विकासका आधारस्तम्भ यी हाम्रा विपुल प्राकृतिक सम्पदाको रहस्योद्घाटन गर्नु,
- श्लोक २ पङ्क्ति (६) : श्लोक १, पङ्क्ति (१) को पुनरावृत्ति गर्दै देशभक्तिको भावलाई अझ उत्कर्षता प्रदान गर्नु,
- श्लोक ३ पङ्क्ति (७, ८ र ९) : दशैं तिहारजस्ता चाडपर्व तथा तिनमा रमाइलो गरिने चुड्का, ख्याली आदि हाम्रा सांस्कृतिक गौरव हुन् । सधैं विजयोत्सवमा बैंसालु तालमाझैं मादलुको धुनका साथ आफ्नो लोक परम्परा र संस्कृतिसंग रमाउने नेपाली मनको उत्साह, जाँगर र उमङ्गलाई दर्शाउनु,
- श्लोक ३ पङ्क्ति (१०) श्लोक १, पङ्क्ति (१) को पुनरावृत्ति ।
- श्लोक ४ पङ्क्ति (११, १२ र १३) : संसारकै सर्वोच्च हिमशिखर सगरमाथा नेपालमै अवस्थित छ । यसका साथै उच्चतर दर्जनौ शिखरहरू नेपालमै भएजस्तै हाम्रा वीर पुर्खाका साहस, इमान्दारी, लगनशीलता र हार्दिकताले हाम्रो अटल

सौभाग्यलाई दर्शाइरहन्छन् । त्यसमा पनि नेपाली धर्ती पूर्वीय अध्यात्मिक ज्ञान, चेतना र दर्शनको उद्‌गमस्थल भएबाट यसले संसारभर ज्ञान र चेतनाको उज्यालो फिजाउन सक्ने भावाभिव्यक्ति दिनु,

- श्लोक ४ पङ्क्ति (१४) : श्लोक १, पङ्क्ति (१) को पुनरावृत्ति ।

यस प्रकार 'नेपालै नरहे' गीति कविताका वृहत् तथा लघु घटकहरूको संरचनात्मक अध्ययन गर्दा यसमा प्रयुक्त सन्दर्भ सामग्रीहरूको प्राचुर्य राष्ट्रप्रेमको भावनालाई परिपोषण गर्ने खालका फेला पर्दछन् ।

**'नेपालै नरहे' गीति कविताको व्याख्या** :

गीत विश्लेषणका विभिन्न आधारहरूलाई तालिकाबद्ध गरी यस गीति कविताका ती विशिष्ट अभिलक्षणहरू निम्न तालिकाअनुसार देखाइएको छ :

'नेपालै नरहे' गीति कविताको विश्लेषणात्मक तालिका -

| आधार | प्रकार | अभिलक्षण |
|---|---|---|
| १ पर्याधार | क. वैयक्तिक | + |
| | ख. सामाजिक | − |
| २ ढाँचा | क. वृत्तात्मक | + |
| | ख. चक्रात्मक | − |
| ३ वर्णन | क. एकालाप | + |
| | ख. संवाद | − |
| ४ प्रस्तुति | क. वक्तव्य | − |
| | ख. सम्बोधन | + |
| ५ विषयवस्तु | क. रागात्मक | + |
| | ख. रागेतर | − |
| ६ गेयता | क. ध्वनिलयात्मक | − |
| | ख. स्वरतालात्मक | + |

माथिका (+) चिन्हले त्यो अभिलक्षण छ भन्ने र (−) चिन्हले छैन भन्ने जनाउँछ ।

यस तालिकाले प्रस्तुत गीति कविता निम्नलिखित अभिलक्षणहरू भएको रचना हो भन्ने देखाउँछ ।

१ – क : वैयक्तिक पर्याधार
२ – क : वृत्तात्मक ढाँचा
३ – क : एकालापीय वर्णन
४ – ख : सम्बोधनपरक प्रस्तुति
५ – क : रागात्मक विषयवस्तु
६ – ख : स्वरतालात्मक गेयता,

उपर्युक्त विशिष्ट अभिलक्षणहरूका सन्दर्भबाट यस गीति कविताको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

१.**क. वैयक्तिक पर्याधार** : यस गीति कवितामा प्रयुक्त सन्दर्भ सामग्रीलाई हेर्दा नेपाल र समस्त नेपालीहरूप्रति 'म' पात्रको भावना आत्मगत अनुभूतिमा रङ्गाएर पोखिएको छ । यसमा 'म' पात्रले अदृष्यरुपमा रहेर नेपाल र नेपालीहरूप्रति जताततै गौरव, आदर, सम्मान र सौन्दर्यपरक दृष्टिले अन्तर्भावलाई वैयक्तिक ढङ्गमा प्रस्तुत गरेको छ । नेपाली हामीको सम्बोधनले समग्र नेपाली समाजप्रति 'म' पात्रसमेत स्वतः समावेश भई प्रस्तुत भएको यस गीति कविताको पर्याधार वैयक्तिक रहेको छ ।

२.**क. वृत्तात्मक ढाँचा** : 'नेपालै नरहे' गीति कविताको केन्द्रीय भाव मूलरुपमा (क) नेपाली हामी रहौंला कहाँ नेपालै नरहे हो । यसैगरी अन्य रुपमा (ख) लै (नेपालै, हिमालै आदि) , (ग) नरहे र (घ) औंला (रहौंला, हेरौंला आदि) पनि

हो । जम्मा चौधवटा पङ्क्तिको यस गीतमा 'नेपालै नरहे'को चार पटक, 'नरहे'को आठपटक, 'रहैंला कहाँ'को चार पटक र 'श्लोक १ पङ्क्ति १' को तीन पटक पुनरावृत्ति भएको छ । अवृत्तिहरूको यस आधिक्यले नेपालै नरहे हामी रहँदैनौ भन्ने केन्द्रीय भावको मर्मलाई सङ्केत गर्दछ । यस आवृत्तिले गीति कवितालाई राष्ट्रप्रेमको केन्द्रीय भावबाट अपसरण गर्न दिएको छैन । गीत घुमिफिरी उही बिन्दुमा आइपुग्छ र वृत्तको निर्माण हुन्छ । यहाँ यो आवृत्ति यस प्रकार नियोजित छ :-

| | | | | |
|---|---|---|---|---|
| पहिलो भाग : | १. | × | × | × |
| | २. ख र ग को पहिलो आवृत्ति, | | | |
| दोस्रो भाग : | ३. | × | × | × |
| | ४. | × | × | × |
| | ५. ख र ग को दोस्रो तथा घ को पहिलो आवृत्ति, | | | |
| | ६. ख र ग को तेस्रो तथा क को पहिलो र घ को दोस्रो आवृत्ति, | | | |
| तेस्रो भाग : | ७. | × | × | × |
| | ८. | × | × | × |
| | ९. ख र ग को चौथो तथा घ को तेस्रो आवृत्ति, | | | |
| | १०. ख र ग को पाचौं तथा क को दोस्रो र घ को चौथो आवृत्ति, | | | |
| अन्त्य भाग : | ११. | × | × | × |
| | १२. | × | × | × |
| | १३. ख र ग को छैटौं आवृत्ति, | | | |
| | १४. ख र ग को सातौं तथा क को तेस्रो र घ को पाचौं आवृत्ति । | | | |

यहाँ क. श्लोक १, पङ्क्ति १ को तीन आवृत्ति, ख. लै (नै को शब्दार्थमा जोड दिने- नेपालै, हिमालै... आदि) को सात आवृत्ति, ग. नरहे ( रहनै पर्छ भन्ने सकारात्मक अर्थमा प्रस्तुत नकारात्मक शब्द) को सात आवृत्ति र घ. औंला ( रहौंला, हेरौंला...आदि - प्रथम पुरुष, वहुवचन र सम्भावनार्थ) को पाँच पटक पुनरावृत्ति भएको छ । गीति कविताको आदिदेखि अन्त्यसम्म सबै भागमा राष्ट्रियतालाई मजबुत बनाउँने केन्द्रीय भावको सुनियोजित पुनरावृत्ति छ । यस पुनरावृत्तिले गीति कवितालाई सुगठित वृत्तात्मक ढाँचा दिएको छ । यस ढाँचाले गीति कवितालाई छरिन नदिई एउटै वृत्तमा समेटेको छ ।

उपर्युक्त तथ्य एवम् विश्लेषणबाट यो गीति कविता चक्रात्मक होइन वृत्तात्मक ढाँचामा सिर्जित छ भन्ने ठहरिन्छ ।

३. **क.एकालापीय वर्णन** : कवि स्वयंका मुखबाट भनाइएको यस गीति कवितामा एकालापीय वर्णन छ । सिङ्गो गीत नै कवि प्रौढोक्तिका रुपबाट उपस्थित गरिएको हुँदा यहाँ प्रथम पुरुष (हामी) को प्रधानता कायम हुन गएको छ । प्रथम पुरुष कवि (म) ले तृतीय पुरुष नेपाल र नेपालीको वर्णन एकोहोरो पाराले गरेको हुँदा यो एकालाप हुन पुगेको छ । यस एकालापमा 'नेपाल र नेपालीबारे कविताभित्र अन्तर्निहित रहेर कविको 'म' को वैयक्तिक अनुभूतिले 'हामी'मा साधारणीकरण भई कविताभर पुरै स्थान पाएको छ । यस क्रममा कविले 'नेपाल र नेपाली (हामी) लाई उद्बोधन गर्दै 'नेपालै नरहे' पङ्क्ति (१), (६), (१०), (१४) भन्ने उद्गारले नेपल र नेपालीप्रतिको एकोहोरो वर्णनलाई आत्मभावमा रङ्गाएर प्रस्तुत गरेको छ ।

उपर्युक्त तथ्य एवम् विश्लेषणबाट यो गीति कविता संवादात्मक होइन एकालापीय वर्णन भएको रचना हो भन्ने ठहरिन्छ ।

४.**ख. सम्बोधनपरक प्रस्तुति** : कविले हामी नेपाली, हाम्रा चाडपर्व, हाम्रो प्राकृतिक भूधरातल, हाम्रो संस्कृति, हाम्रा पुर्खा (प्रथम पुरुष, वहुवचन) भन्दै सम्पूर्ण नेपालीहरूलाई नै सम्बोधन गरी प्रस्तुत भएको यो गीति कविता एकालापीय ढङ्गले सम्बोधनपरक शैलीमा व्यक्तिएको हुँदा यसको प्रस्तुति वक्तव्यपरक नभएर सम्बोधनपरक बन्न पुगेको छ । अतः नेपाली हामी (श्लोक-१, पङ्क्ति-१) भनी नेपाल र नेपालीलाई सम्बोधन गरी आफ्नो प्रस्तुति जाहेर गरेको यो गीति कवितामा सम्बोधनपरक प्रस्तुति भएको छ ।

**५. क. रागात्मक विषयवस्तु** : यो रागात्मक विषयवस्तु भएको गीति कविता हो । यसमा प्रयुक्त नेपाली हामी, नेपालै नरहे, उचाइ हाम्रो, तराई-सुन, हिमाल-हिरा, धर्तीका छोरा, चाडपर्व, चुड्का-ख्याली, जीतको प्रफुल्लित हृदय, हाम्रा वाद्यवादन, आकाश छुने टाकुरा, पौरखी पुर्खाका पाइला, पूर्वको उज्यालो जस्ता पद-पदावलीहरू राष्ट्रागका प्रयुक्तिका विशिष्ट शब्द र पदावलीहरू हुन् । यसमा **हामी नेपाली**, **नेपालै नरहे** शब्दहरूको सर्वाधिक (क्रमशः चार, चार पटक) आवृत्ति भएको छ, जसका सन्दर्भबाट खुल्ने अर्थ राष्ट्राग र राष्ट्रप्रेमपरक छ भन्ने देखिन्छ ।

यस तथ्य एवम् विश्लेषणबाट यो गीति कविता रागेतर होइन रागात्मक (राष्ट्राग) विषयवस्तु भएको रचना हो भन्ने ठहरिन्छ ।

**६.ख. स्वरतालात्मक गेयता** : यो गीति कविता स्वरतालात्मक गेयता भएको रचना हो । वरिष्ठ छन्दवादी कवि तथा गीतकार माधव घिमिरेद्वारा शब्दबद्ध (रचित) यस गीति कवितालाई सङ्गीतका स्थापित रागरागिनीहरूमा सजिलै गाउन सकिन्छ । यस गीति कवितालाई वरिष्ठ सङ्गीतकार र सुरिलो स्वरका समेत धनी नाति काजीले स्वर र सङ्गीत दिएका छन् । नेपाली लोक परम्पराको झ्याउरे लयमा ३+२, ३+२, ३+३ वर्णगुच्छको १६ अक्षरे लय पद्धतिमा यो गीति कविता रचिएको छ । यसमा सुरुका दुई पङ्क्तिमध्ये पहिलो पङ्क्ति (भाग-१, श्लोक-१, पङ्क्ति-१) स्थायी भागको रुपमा छ र अरु चार चार पङ्क्तिका तीन अन्तरा रहेका छन् । यस गीति कविताका चौधवटै पङ्क्तिहरू उपर्युक्त ढाँचा एवम् लयमा आबद्ध छन् र गीति कविता पुरै गेय छ ।

यस गीति कवितालाई अझै गेय र सङ्गीतात्मक तुल्याउँन समानान्तरताका निम्नलिखित युक्तिहरू पनि अँगालिएका छन् :-

**क. विभिन्न पङ्क्तिहरूमा ध्वनिको आन्तरिक समानान्तरता, जस्तै :**

(१) नेपाली, नेपालै — (२) हाम्रो, हिमाल
(१)नरहे *नेपालै* — (२) नरहे *हिमालै*
(३) हिमाल, हिरा
(४) धन — (४) धर्ती
(५) संसार — (५) सन्झ्याल
(७) ख्यालीले — (८) झ्यालीले
(९) नाचौंला, *मादलै* — (१०) रहौंला, *नेपालै*
(११) भेटेर भेटिन्न — (१२) मेटेर मेटिन्न
(१३) उज्यालै — (१४) नेपालै आदि ।

**ख. संगसंगै आउने दुई शब्दमा कुनै एक व्यञ्जनको समानान्तरता, जस्तै :**

**-शब्दको आदिमा-**

(१) नेपालै नरहे– न् — (३) हिमाल हिराको– ह्
(४) पानी पहिलो– प् — (४) धन धर्ती– ध्
(५) संसार सन्झ्याल– स् — (८) जुर्मुराउँछ जीतको– ज्
(११) भेटेर भेटिन्न– भ् — (१२) मेटेर मेटिन्न– म्
(१२) पुर्खाको पाइला– प् — (१३) पूर्वको पैलो– प्

**-शब्दको मध्यमा-**

(४) धर्ती छोरा– र् — (५) संसार सन्झ्याल– न्
(७) रमाइला हाम्रा– म् — (११) भेटेर भेटिन्न– ट्
(१२) मेटेर मेटिन्न– ट्

**-शब्दको अन्तमा-**

(१०) नाचौंला मादलै– ल् — (११) टाकुरा हाम्रो भेटेर– र्

**ग. पङ्ति वा चरणमा वाक्यगत समानान्तरता, जस्तै :-**

**अ**. पङ्ति (१), (२) नेपालै नरहे.......हिमालै नरहे

पङ्ति (३), (४) हिराको.......छोराको

पङ्ति (५), (६) सन्झ्यालै नरहे.......नेपालै नरहे

पङ्ति (७), (८) ख्यालीले.......झ्यालीले

पङ्ति (९), (१०ं) मादलै नरहे......नेपालै नरहे

पङ्ति (११), (१२) भेटेर भेटिन्न.......मेटेर मेटिन्न

पङ्ति (१३), (१४) उज्यालै.......नेपालै ।

**आ**.(१), (६), (१०) र (१४) - 'नेपाली हामी' मा समानान्तरता,

**इ**. (१), (२), (५), (९), (१३)- नेपालै, हिमालै, सन्झ्यालै, मादलै, उज्यालै मा समानान्तरता,

**ई**. (१), (२), (५), (६), (९), (१०), (१३), (१४) - 'नरहे'को आवृत्तिमा समानान्तरता,

**घ. यस गीति कविताका पङ्ति** (१) **र** (२) **मा आ स्वरको बढी आवृत्ति छ, जस्तै** :

नेपालीहामी रहौंला कहाँ नेपालै

उचाइ हाम्रो कहाँ हिमालै आदि ।

पुरै गीति कविताका पद-पदावलीहरूमा बढी दोहोरिने स्वर पनि **आ** नै हो । '**आ**' स्वरको आवृत्तिले यस गीति कवितामा गहन स्वर-सङ्गीत उत्पन्न गरेको छ ।

## निष्कर्ष

गीत अध्ययन र विश्लेषणको वस्तुनिष्ठ/भाषापरक पद्धतिको प्रयोग गरी राष्ट्रकवि माधव घिमिरेको 'नेपालै नरहे' गीति कवितालाई भाषिक तथ्य एवम् विश्लेषणबाट अध्ययन गर्दा यो गीति कविता राष्ट्रप्रेमको भावनाले अभिसिञ्चित छ भन्ने देखिन्छ । 'नेपालै नरहे' गीति कविताले नेपालका उच्च शिखरहरू, हिमाली सौन्दर्य र धनधान्यले युक्त तराईको महत्तालाई दर्शाएको छ । विपुल प्राकृतिक सम्पदा, एक सूत्रमा आबद्ध विविधतायुक्त सांस्कृतिक गौरव, अटल र अविजित पुर्खाको वीरता तथा सामाजिक सद्भाव हाम्रा पहिचान हुन् भन्ने भावको उद्बोधन गर्ने यो एक सशक्त र सफल राष्ट्रिय गीति कविता हो । आज सबैतिर पूर्वीय अध्यात्मिक ज्ञान, चिन्तन, दर्शन, चेतना र उज्यालोको खाँचो छ भन्ने कुरा समेत दर्शाउने यो गीति कविता विषयवस्तु, भाव, शैलीशिल्प र लय तथा सङ्गीतको आपसी सुसम्बद्धताले उत्कृष्ट रचना बन्न पुगेको छ । अतः नेपाल राष्ट्र र नेपाली नागरिकहरूप्रति अति नै प्रेम र श्रद्धा प्रकट गर्ने यो गीति कविता राष्ट्रराग, राष्ट्रप्रेम र देशभक्तिपूर्ण भावनाले ओतप्रोत भएको एक सफल र सार्थक रचना हो भन्ने कुरा शिद्ध हुन आउँछ ।

## सन्दर्भ ग्रन्थ

कोइराला, कुलप्रसाद. *काव्यिक परिभ्रमण.* कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान. २०६२ ।

गौतम, डा. लक्ष्मीप्रसाद. *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस– २०६६ ।

गौतम, कृष्ण. *आधुनिक आलोचना : अनेक रुप अनेक पठन.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन-२०५९ ।

त्रिपाठी, वासुदेव. न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव. *नेपाली कविता- ४*. ललितपुर : साझा प्रकाशन-२०४५ ।

त्रिपाठी, वासुदेव. *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग-२, तृतीय संस्क. ललितपुर : साझा प्रकाशन-२०४९ ।

शर्मा, मोहनराज. *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौं : ने.रा.प्र.प्र. -२०५५ ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम. *नेपाली साहित्यको संक्षिप्त इतिहास.* तेस्रो संस्करण. काठमाडौं : साझा प्रकाशन- २०४९ ।

सुवेदी, केशव र अन्य. *सबैको नेपाली.* ललितपुर : साझ प्रकाशन-२०६७ ।